प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं.

हेटौंडा, मकवानपुर, नेपाल

## द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७५ / १२ / १९ )

प्रदेश सरकारको आ.व. २०७५।०७६ को नीति कार्यक्रम तथा बजेटमा भएको व्यवस्था बमोजिम लोकतान्त्रिक गणतन्त्र प्राप्तिका आन्दोलनमा बेपत्ता भएका, घाइते तथा अपाग भएका व्यक्ति तथा द्वन्द्वबाट प्रभावित भएका परिवारलाई शिक्षा, स्वास्थ्य लगायत सीप बिकासमा सहयोग गर्नका लागि "द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७५" अनुसार प्रदेश भित्रका १३ जिल्लाका द्वन्द्व प्रभावित घर परिवारलाई देहाय बमोजिम सहायता गर्ने कार्यक्रम भएकोले द्वन्द्व प्रभावित परिवारका सदस्यले देहाय बमोजिमको कुनै एक शीर्षकमा सहायता प्राप्तीका लागी देहायका विवरण खुलाई सम्बन्धित स्थानीय तहमा रहेको स्थानीय समिति समक्ष कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ ।

**सहायता सम्बन्धी व्यवस्था**

**(१) औषधि उपचार**

निवेदन मागको आधारमा द्वन्द्व प्रभावित परिवारका सदस्यको स्वास्थ्यमा पहुँच पुर्‍याउन अनिवार्य रुपमा स्वास्थ्य बिमा गराईनेछ। स्वास्थ्य बीमाको रकम सहित औषधि उपचारको लागि रु २५,०००।- रकममा नबढ्ने गरी देहाय बमोजिम औषधि उपचार खर्च उपलब्ध गराइनेछ :-

(क) परीक्षण तथा औषधि खर्चको बिल बमोजिमको रकम,

(ख) अस्पतालमा भर्ना भई उपचार गराउदा परीक्षण तथा औषधि खर्चका अतिरिक्त ७ दिनसम्म खाना खर्च बापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.४००।— दरले बिल बमोजिमको रकम,

(ग) विशेष अवस्थामा समितिले आवश्यकता र औचित्यताका आधारमा तोकिएको रकममा नबढ्ने गरी थप रकम स्वीकृत गर्न सक्नेछ,

(घ) बिमाले समेट्न नसकेका रोग लागेका बिरामीको लागि स्थानीय समितिको निर्णय बमोजिम तोकिएको रकममा नबढ्ने गरी रकम उपलब्ध गराउन सक्नेछ ।

(ङ) औषधि उपचारको लागि सरकारी अस्पताल वा सरकारले निर्देशिकामा तोकेको अस्पताल बाहेक अन्य अस्पतालमा उपचार गराएकोमा रकम उपलब्ध हुने छैन ।

**(२) शिक्षा**

निवेदन मागको आधारमा द्वन्द्व प्रभावित परिवारका एक्काईस वर्ष उमेर सम्मका बढीमा दुई जना छोरा वा छोरीलाई छात्रबृत्तिको लागि दोहोरो नपर्ने गरी प्रतिव्यक्ति देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ:-

(क) माध्यमिक विद्यालय तह रु. १०,०००।—

(ख) दश जोड दुई (१०+२) वा सो सरह रु. १२,०००।

(ग) खण्ड (ख) भन्दा माथिल्लो तहको लागि रु. १२,५००।

तर बिदेशमा अध्ययन गर्ने छात्रछात्राका हकमा यस्तो छात्रवृत्ति रकम उपलब्ध गराइने छैन ।

**(३) सीप विकास तालिम**

सीप विकास तालिम का लागि कार्यविधिको मा उल्लेखित कुनै एक विषय छनौट गरी स्थानीय समितिमा निवेदन पेश गर्नु पर्नेछ । प्राप्त निवेदनको मागको आधारमा स्थानीय समितिले विवरण मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।स्थानीय समितिबाट प्राप्त तालिमको मागको आधारमा मन्त्रालयले सरकारी, अर्धसरकारी तथा निजी तालिम प्रदायक संस्थासँग तोकिएको बजेटको परिधि भित्र रहेर तालिम संचालनको लागि समन्वय र व्यवस्थापन गर्नेछ ।

**(४) निवेदकले निवेदनका साथ देहायका कागजात संलग्न गर्नु पर्नेछ:-**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) राजनैतिक आन्दोलन (सशस्त्र संघर्ष) का क्रममा शहिद भएका परिवार, बेपत्ता भएका परिवार एवं घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारलाई आधिकारिक निकायबाट जारी भएको परिचयपत्र,

(ग) आफूले चाहेको सहयोगको विवरण सहितको निवेदन,

(घ) अस्पतालको प्रेश्क्रप्सन र औषधि खरिद गरेको सक्कल बिल (औषधि उपचारको हकमा),

(ङ) शैक्षिक संस्थामा अध्ययन गरिरहेको प्रमाण (छात्रवृत्तिको लागि),

(च) अन्य निकायबाट छात्रवृत्ति नलिएको सम्बन्धित निकायको पत्र ।

थप जानकारीको लागी
**website:-www.moial.p3.gov.np** फोन नं ०५७- ५२२८४१, ०५७-५२७५१३, ०५७-५२७५१४

सचिव